

# ९ स्तुति र प्रशंसाको जीवन

*यस अध्यायका मूल पदहरू:* फिलिप्पी ४:४-७, यहोशू ५:१३-६:२०, भजन १४५, प्रेरित १६:१६-३४ र २ इतिहास २०:१-३०।

*यस अध्यायको मूल सार पद:* "प्रभुमा सधैं आनन्द गर। म फेरि पनि भन्दछु, आनन्द गर।" फिलिप्पी ४:४।

**जब हामी खुशियालीमा छौं, मन हर्षभइरहेको हुन्छ र सबै थोकहरू आनन्दले भरिएको हुन्छ तब त्यसबेला प्रभुमा खुशी भएर चिच्याउन सजिलो हुन्छ। तर हामीले चाहेका अनुसार काम भएन, खराबहरू आइपऱ्यो, हामीले कल्पना नगरेको परिस्थितिमा हामी होमियौं भने खुशी भएर कसरी उफ्रिने? तर, यही नै हामीलाई आवश्यकता छ। अरू समयभन्दा प्रतिकूल समयमा प्रभुको स्तुति गर्दा हाम्रो विश्वास र आस्थाले हामीलाई सम्हाली राख्न सहयोग गर्दछ।**

**हाम्रो** अत्यन्तै अन्धकार वातावरणलाई स्तुतिप्रशंसाले परिवर्तन गर्न सक्दछ। हाम्रा वरिपरिका वातावरणहरू परिवर्तन हुन्छ भन्न खोजेको त होइन तर प्रभुको स्तुतिले हामीलाई परिवर्तन गर्न सक्दछ। हाम्रा वरिपरि रहेकाहरूलाई पनि यसरी परिवर्तन गर्न सक्छ कि कुनै पनि चुनौतीहरूको सामना गर्न हाम्रा स्तुति र प्रशंसाले बल दिन सक्छ।

स्तुति र प्रशंसा गर्नुभनेको विश्वास कसरी सक्रिय भएको छ भनेर देखाउँदछ। प्रभुको स्तुति गर्न सधै स्वभाविक हुन्छ भन्ने छैन। तर जब हामी स्तुति र प्रशंसालाई व्यवहारमा उताछौं तब त्यसलाई हाम्रो जीवनको स्वभावको भाग बनाउँछौं। यसले हाम्रो आत्मिक जीवनलाई परिवर्तन गर्न सक्छ र सैतानका कदमहरूसँग भिड्न पनि सक्ने हुन्छौं।

***<u>यस अध्यायको झलक:</u>*** **स्तुतिप्रशंसा भनेको के हो? कठिन परिस्थितिमा स्तुतिप्रशंसा गरिन्दा त्यो शक्तिशालि आत्मिक अस्त्र किन हुनसक्छ? हामीलाई र हाम्रा वरपरिका परिस्थितिहरूलाई प्रार्थना र स्तुतिले कसरी परिवर्तन ल्याउन सक्छ?**

## १. प्रशंसाको ढाँचा

फिडोर डोस्टोयिभस्की (१८२१-१८८१) इसाई परिवारमा जन्मेका रूसको महान् साहित्यकार थिए। रुस अनकौं राजनैतिक उथलपुथलमा लागिरहेको थियो। राज्यबाट नै धेरै मानिसहरूको हत्या गरिएका थिए। त्यही क्रममा उनलाई पनि मृत्युदण्ड सुनाइएको थियो। तर त्यो कार्यन्वयन नगरि चार वर्षसम्म साइबेरियाको कठोर हिंउको राज्यमा बन्दी बनाएको थियो। झ्यालखानामा आफ्नो कठोर जीवनको अनुभवको बारेमा यसरी लेखेका थिए, "अन्तको समयसम्म तपाईं बाँच्नुहुन्छ भनेर विश्वास गर्नुहोस्। सबै मानिसहरू तपाईंबाट तितरबितर भएतापनि र तपाईं एकमात्र निष्ठामा अडिग हुनवाध्य भएतापनि तपाईंको भेटी ल्याउनुहोस्, तपाईंको एक्लोपनामा प्रभुको प्रशंसाको भेटी ल्याउनुहोस्।"

येशूको धुरन्धर र धरोहर पावले विश्वासै गर्न नसकिने गरि दवाव र प्रतिरोधहरूको सामना गर्नुपरेको थियो। आफ्ना जाति यहूदी, तत्कालिन विश्वसाम्राज्य रोम र कठित इसाईहरूबाट नै अनेकौं मानसिक, भौतिक र आत्मिक यातना उनले भोगेका थिए। उनको जीवनका अन्तिम क्षणहरू क्रुर र निरङ्कुस सम्रात निरोको हुकुममा रोमको झ्यालखाना मृत्युदण्डको फैसला पाएर थुनिएको थियो। कालो, चिसो र अन्धकार झ्यालखाना छटपटिएर बस्नुपरेतापनि उनी उदासिन र खिन्न थिएन। बरू १०००किलोमिटर रहेका ग्रीसको फिलिप्पीमा रहेका येशूभक्तहरूलाई बढो उत्सुकतासाथ हौशला र उत्साह दिन पत्र लेखेका थिए!

**रोमको कालो कोठरीमा निरोको तरवार हानको निम्ति पर्खिरहेका पावलले फिलिप्पीको पत्र लेखेका थिए। त्यसतो आततायी परिस्थितिमा पावलले विश्वासीहरूलाई उत्साह दिने चिठी कसरी लेख्न सकेको होला? त्यस पत्रमा प्रभुको शान्तको कसरी उपभोग गर्ने भनेर उनले लेखेका थिए। फिलिप्पी ४ पढ्नुहोस्। विशेष गरेर पद ४-७मा ध्यान दिनुहोस्, "१ यसकारण मेरा भाइहरू, म तिमीहरूलाई माया गर्दछु, र तिमीहरूको चाहना गर्दछु, तिमीहरू मेरा आनन्द**

र मुकुट हौ। मेरा प्रियहरू, यसरी नै प्रभुमा स्थिर रहो। २ म इयोदिया र
सुन्तुखेलाई प्रभुमा एउटै मनका होओ भनेर आग्रहपूर्वक बिन्ती गर्दछु। ३
विश्‍वासी सहकर्मी, म तिमीलाई पनि अनुरोध गर्दछु, कि यी स्त्रीहरूलाई मदत
गर, किनकि यिनीहरूले मेरो साथसाथै सुसमाचारको काममा क्लेमेससँग र मेरा
अरू बाँकी सहकर्मीहरूसँग परिश्रम गरेका छन्, जसका नाउँ जीवनको पुस्तकमा
छन्। *४ प्रभुमा सधैँ आनन्द गर। म फेरि पनि भन्दछु, आनन्द गर। ५*
*तिमीहरूको सहनशीलता सबै मानिसहरूलाई थाहा होस्। प्रभु नजिकै हुनुहुन्छ।*
*६ कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्वारा*
*धन्यवादसहित तिमीहरूका बिन्ती परमेश्‍वरमा जाहेर होऊन्, ७ र समझले नै*
*भियाउन नसकिने परमेश्‍वरको शान्तिले तिमीहरूका हृदय र तिमीहरूका मनलाई*
*येशूमा रक्षा गर्नेछ।* ८ अन्त्यमा भाइ हो, जे कुरो सत्य छ, जे कुरो आदरणीय
छ, जे कुरो न्यायसङ्गत छ, जे कुरो शुद्ध छ, जे कुरो प्रेम-योग्य छ, जे कुरो
कृपामय छ, यदि केही श्रेष्ठता, प्रशंसाको योग्य केही छ भने यी नै कुराका
विचार गर। ९ तिमीहरूले जुन कुरा मबाट सिक्यौ, र ग्रहण गर्‍यौ र सुन्यौ र
ममा देख्यौ, त्यही गर, र शान्तिका परमेश्‍वर तिमीहरूसँग हुनुहुनेछ। १० म
प्रभुमा साह्रै आनन्दित छु, कि अब धेरै दिनपछि मप्रति तिमीहरूको वास्ता फेरि
पलाएको छ। तिमीहरू साँच्चै मेरो निम्ति चिन्तित थियौ, तर तिमीहरूलाई मौका
मिलेन। ११ खाँचो पर्‍यो भनेर मैले गुनासो पोखाएको होइन, किनभने जुनसुकै
परिस्थितिमा भए पनि त्यसमा सन्तुष्ट रहन मैले सिकेको छु। १२ कसरी
होचिन र कसरी बढ्न म जान्दछु। परिपूर्णतामा होस् वा भोकप्यासमा होस्,
प्रशस्ततामा होस् वा अभावमा होस्, सबै परिस्थितिमा सन्तुष्ट रहने रहस्य मैले
सिकेको छु। १३ जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न
सक्छु। १४ तापनि मेरो कष्टमा तिमीहरू सहभागी भयौ, सो असल गर्‍यौ। १५
तिमी फिलिप्पीहरू आफै पनि जान्दछौ, कि सुसमाचारको सुरुमा म
माकेडोनियाबाट बिदा हुँदा, दिने र लिने काममा, तिमीहरूबाहेक कुनै मण्डलीको
सहभागिता मसँग भएको थिएन, १६ किनभने थेसलोनिकेमा पनि तिमीहरूले
मलाई एक पटकभन्दा बढ़ी नै मेरो निम्ति सहायता पठायौ। १७ मैले भेटी
खोजेको होइन, तर म त तिमीहरूमा यस्तो फलको आशा राख्छु, जो तिमीहरूकै
हिसाबमा जम्मा हुँदैजाओस्। १८ मैले पाउनुपर्नेभन्दा बढ़ी नै पाएको छु।
इपाफ्रोडिटसद्वारा पठाइदिएका तिमीहरूको मीठो बास्ना भएको, र परमेश्‍वरलाई
मनपर्दो र ग्रहणयोग्य बलिदान पाएर म तृप्त भएको छु। १९ मेरा परमेश्‍वरले

**आफ्नो महिमामा उहाँको सम्पत्तिअनुसार तिमीहरूको हरेक खाँचो ख्रीष्ट येशूमा पूरा गरिदिनुहुनेछ। २० अब हामीहरूका परमेश्‍वर र पितालाई सदासर्वदा महिमा होस्। आमेन। २१ ख्रीष्ट येशूमा हरेक सन्तलाई अभिवादन देओ। मसँग हुने भाइहरूले तिमीहरूलाई अभिवादन पठाएका छन्। २२ सबै सन्तहरूले र विशेष गरी कैसरका घरानाकाहरूले तिमीहरूलाई अभिवादन पठाएका छन्। २३ प्रभु येशू ख्रीष्टको अनुग्रह तिमीहरूको आत्मासँग होस्।"**

सबै कुरो ठिक, अनुकूल वातावरण, रमाइलो क्षणहरूमा आनन्दित हुनु र खुशीले गदगद हुनु सजिलो छ। तर जुनसुकै परिस्थिति र समयमा आनन्द मनाउनु र खुशीको मिजासलाई आफ्नो हृदयमा सजाउनु भनेर पावलले आग्रह गर्दछन्। सांसारिक र प्रभुलाई विश्वास नगर्नेहरूको निम्ति यो अनौठो कुरो हो। यदि पावलको आग्रहलाई अक्षरस वा वास्तविकरूपमा लिने हो भने हाम्रो निम्ति दुई निर्णायित्मक धारणाहरूलाई अङ्गाल्नुपर्ने हुन्छ।

प्रथम्, यदि हामी सधैँ खुशी र आनन्दको मुद्रा वा मिजासमा हुनुपर्छ भने खुशी हुनुपर्ने परिस्थितिमा हामी नपरेतापनि आनन्दित भइरहनुपर्दछ। दुःखकष्ट, सतावटमा पनि हाम्रो भित्री हृदयमा आनन्दको मुहान उर्लिरहनुपर्दछ। दोस्रो, यदि हामी सधैँ आनन्द हुनुपर्ने हो भने हामी आनन्द हुन मननपराएको बेलामा पनि आनन्दित हुनुपर्दछ रे।

खुशी, आनन्द र प्रभुको प्रशंसा हामीमा स्वाभाविकै नभएतापनि ती सकारात्मक मनस्थितिमा हामी रहनुपर्दछ भनेर पावलले हामीलाई आह्वान गर्दछन्। संसारको निम्ति यस्तो आह्वान तर्कहिन र हास्यास्पद देखिन्छ। अझ बहुला भयो कि के हो भनेर पनि कतिपयले सोच्न सक्छन्। तर विश्वासीको जीवनमा खुशी हुने कुनै कारणनै नभएतापनि हामीलाई खुशी र आनन्द हुन बोलाइएको छ। अर्को शब्दमा भन्ने हो भने प्रभुको स्तुति र प्रशंसा गर्नु नै हामीमा भएको विश्वास र निष्ठाको उपज हो। विश्वास कुनै परिस्थिति वा अनुकूल वातावरणमा भरपर्दैन बरू हामीमा भएको प्रभुको सत्य ज्ञानमा आधारित हुन्छ। त्यसरी नै हामीलाई राम्रो भएको समयमा प्रशंसा गर्ने होइन, बरू हामीलाई प्रभुको सत्यतालाई चिनेको र उहाँको प्रतिज्ञालाई आत्मसात् गर्न सकेकोले नै हामी उहाँको स्तुति र प्रशंसा गर्दछौं। अचम्म कुरो त यो छ, यही खालको विश्वासले नै हाम्रा सोच, बिचार, भावनाहरू र परिस्थितिहरूको आकृति बन्दछ।

**झ्यालखानामा जस्तो मृत्युशैयामा तरवारको मारको निम्ति पर्खिरहेको समयमा पनि प्रभुको सत्य थाहा पाएर आनन्द हुने खुबीहुनुभनेको के हो? तपाईं आफैलाई प्रभुको बारेमा के छ सोको सूची बनाउनुहोस्। ती सूचीलाई हेरेर प्रभुलाई धन्यवाद र स्तुति चढाउनुहोस्। यसले तपाईंको भावनालाई कसरी असर पार्न सक्छ र तपाईंको परिस्थितिलाई हेर्ने दृष्टिकोणलाई कसरी परिवर्तन गर्न सक्छ?**

## २. प्रार्थनाद्वारा जीवनमा ठड्याएका पर्खालहरू भत्काउनु

एउटा कहावत छ "कुनामा रङ्ग लगाउनु।" कोही मानिस कोठामा रङ्ग लगाउँदा लगाउँदै कोठाको कुनामा आइपुग्छ। अनि त्यस कुनामा रङ्ग लगाएपछि त्यस ठाउँबाट निस्कन कि त ताजा रङ्गलाई कुल्चेर निस्कनुपर्छ कि त रङ्ग सुकेपछिमात्र त्यस कुनाबाट निस्कन सकिन्छ।

कहिलेकाहीँ हाम्रो विश्वासले हामीलाई कुनामा पछारेको जस्तो हुन्छ। हामीले नै लगाएको विश्वासको रङ्गले हामीलाई धरापमा पार्दछ। हामीले परिस्थितिलाई हेर्दछौं। कित प्रभु, हाम्रा आस्थाका विघ्नाहरूलाई त्याग्दछौं कित असम्भव देखिने कुराहरूलाई विश्वासगर्नमा कर लगाउँछ।

प्रभुले इस्राएलीहरूलाई विभिन्न कुनाहरूमा ल्याउनुभएको थियो। तिनीहरू ४० वर्षसम्म मरुभूमिमा भौंतारिएका थिए। प्रभुले तिनीहरूलाई हरियो, रमणीय उपत्यकातिर तिनीहरूलाई डोर्याउनुभएन। अन्तमा आएर बलियो किल्ला नै किल्ला र पर्खाल भएको यरिहो सहरमा ल्याउनुभयो। छलाख जति इस्राएलीहरूलाई त्यस सहरलाई उत्तिकै गएर हमला गरि कब्जा गर भनेर आदेश दिनुभएन। तर कुनै पनि मानवीय योजनाको बिपरित त्यस सहरको वरिपरि चुपचाप छ दिन घुम्न आदेश दिनुभयो। अनि सातौं दिनमा तिनीहरू तुरही फुकेर चिच्याउनु रे, अनि तिनीहरूले त्यो सहर कब्जा गर्ने छ रे!

**देहायका पदहरू पढ्नुहोस्। प्रभुले इस्राएलीहरूलाई के सिकाउन प्रयास गर्नुभएको थियो? हेर्नुहोस्, "१ यर्दन वारि पश्चिम तीरका एमोरीहरूका सबै राजाहरूले र समुद्रको नजिकका कनानीहरूका सबै राजाहरूले, इस्राएलीहरूका निम्ति तिनीहरू पार नतरुञ्जेल परमप्रभुले यर्दन नदीको पानी सुकाउनुभयो भन्ने कुरा जब सुने, तब इस्राएलीहरूको डरले गर्दा उनीहरूको हृदय काम्न लाग्यो र उनीहरूमा इस्राएलीहरूको सामना गर्ने साहस रहेन। २ त्यस बेला परमप्रभुले यहोशूलाई भन्नुभयो, "पत्थरका कर्दहरू बनाएर फेरि दोस्रो पल्ट इस्राएलीहरूलाई**

खतना गर्।" ३ तब यहोशूले पत्थरका कर्दहरू बनाएर गिबियथ-हाअरालोथमा इस्राएलीहरूको खतना गरे। ४ यहोशूले खतना गराउनुपरेको कारण यही थियो, कि जति जना मानिसहरू, अर्थात् योद्धाहरू मिश्रदेशबाट आएका थिए, तिनीहरू सबै मिश्रबाट निस्केपछि उजाड़-स्थानको यात्रामा मरिसकेका थिए। ५ मिश्रदेशबाट जति निस्केर आएका थिए, ती सबैको खतना भएकै थियो। तर मिश्रदेशबाट निस्केपछि उजाड़-स्थानको यात्रामा जन्मेका जति कसैको पनि खतना भएको थिएन। ६ इस्राएलीहरूले परमप्रभुका आज्ञा नमानेका हुनाले मिश्रदेशबाट निस्केर आएका सारा मानिसहरू, अर्थात् योद्धाहरू नष्ट नभएसम्म तिनीहरू उजाड़-स्थानमा चालीस वर्ष हिँड्दैरहेथे। किनभने तिनीहरूका पिता-पुर्खाहरूलाई दूध र मह बहने देश दिनेछु भनी प्रतिज्ञा गर्नुभएको देश म तिनीहरूलाई देख्न दिन्नँ भनेर परमप्रभुले प्रण गर्नुभएको थियो। ७ यसकारण तिनीहरूको स्थानमा उहाँले फेरि उत्पन्न गराउनुभएको सन्तान यहोशूले खतना गराए, किनकि तिनीहरू यात्रामा खतना नपाएका हुनाले बेखतनाका थिए। ८ अनि सबै मानिसहरूको खतना भइसकेपछि तिनीहरू निको नहोउञ्जेल छाउनीमा आफ्ना-आफ्ना ठाउँमा बसे। ९ अनि परमप्रभुले यहोशूलाई भन्नुभयो, "आजको दिन मिश्रको निन्दा तिमीहरूबाट मैले गुड़ाइदिएको छु।" यसकारण त्यस ठाउँको नाउँ आजको दिनसम्म गिलगाल भनिन्छ। १० जब इस्राएलीहरू गिलगालमा छाउनी खड़ा गरी बसे, तब तिनीहरूले चौधौं दिनको साँझमा यरीहोको मैदानमा नै निस्तार-चाड़ मनाए। ११ निस्तार-चाड़को भोलिपल्ट, त्यही दिन तिनीहरूले त्यस देशको उब्जनीबाट अखमिरी रोटी र भुटेको अन्न खाए। १२ तिनीहरूले त्यस देशको उब्जनीको अन्न खाएको भोलिपल्टदेखि नै मन्न थामियो, र त्यसपछि इस्राएलीहरूलाई मन्न कहिल्यै पनि मिलेन। तर त्यस साल तिनीहरूले कनान देशको अन्न खाए। १३ यहोशू यरीहोको नजिक हुँदा तिनले आफ्ना आँखा उठाएर हेरे, र आफ्नो सामुन्ने हातमा नाङ्गो तरवार लिएका एक जना मानिस उभिरहेका रहेछन्। यहोशू उनीकहाँ गएर, "तपाईं हामीपट्टि हुनुहुन्छ कि हाम्रा शत्रु हुनुहुन्छ?" भनेर सोधे।

१४ अनि उनले भने, "होइन, तर परमप्रभुको फौजको कप्तान भएर म यहाँ आएको हुँ।" तब यहोशूले जमिनमा घोप्टो परेर दण्डवत् गरे, र उनलाई भने, "मेरा प्रभु, आफ्नो दासलाई के भन्नुहुन्छ?" १५ अनि परमप्रभुका फौजका कप्तानले यहोशूलाई भने, "तिम्रो खुट्टाबाट जुत्ता फुकाल्, किनकि तिमष्ठ उभिएको ठाउँ पवित्र छ।" अनि यहोशूले त्यसै गरे।" यहोशू ५ र "१ त्यस समय

इस्राएलीहरूको कारणले यरीहो बिलकुल थुनिएको थियो। कोही भित्र-बाहिर गर्न पाउँदैनथ्यो। २ तब परमप्रभुले यहोशूलाई भन्नुभयो, "हेर्, यरीहो, त्यहाँका राजा र वीर योद्धाहरूसमेत मैले १ त्यस समय इस्राएलीहरूको कारणले यरीहो बिलकुल थुनिएको थियो। कोही भित्र-बाहिर गर्न पाउँदैनथ्यो।

२ तब परमप्रभुले यहोशूलाई भन्नुभयो, "हेर्, यरीहो, त्यहाँका राजा र वीर योद्धाहरूसमेत मैले तिम्रो वशमा पारिदिएको छु। ३ सबै सशस्त्र लड़ाकुहरू त्यस सहरलाई घेरेर एक चोटि घुमेर जाओ। छ दिनसम्म तिमीहरूले यसै गर्नू। ४ सात जना पूजाहारीहरू सात वटा भेड़ाका सीङका तुरही सन्दूकको अगिअगि लिएर हिंड़ून्, र सातौं दिनमा तिमीहरू त्यो सहर सात चोटि घुम्नू, र पूजाहारीहरूले तुरही फुकून्। ५ अनि जब तिनीहरूले भेड़ाका सीङका तुरही धेरै बेरसम्म फुक्लान्, तब तिमीहरूले तुरहीको आवाज सुन्ने बित्तिकै सबै जना ठूलो सोरले कराऊन्। अनि सहरको पर्खाल फेदसम्मै ढल्नेछ, र हरेक मानिस आफ्नो अगि सीधै बढ़ेर जाऊन्।" ६ यसकारण नूनका छोरा यहोशूले पूजाहारीहरूलाई बोलाएर भने, "कररको सन्दूक उठाओ, र सात जना पूजाहारी भेड़ाका सीङका सात वटा तुरही भिरेर परमप्रभुका सन्दूकको अगाड़ि हिंड़ून्।" ७ अनि तिनले मानिसहरूलाई भने, "अगाड़ि बढ़ेर सहरको चारैतिर घुमेर जाओ। हतियार बोक्नेहरूचाहिँ परमप्रभुको सन्दूक अगि अगि हिंड़ून्।" ८ यहोशूले यी कुरा मानिसहरूलाई भनिसकेपछि सात जना पूजाहारी भेड़ाका सीङका सात वटा तुरही बोकेर परमप्रभुको अगाड़ि हिंड़े र आफ्ना तुरही फुक्दै अगि बढ्न लागे। परमप्रभुका कररको सन्दूकचाहिँ तिनीहरूको पछि लाग्यो। ९ हतियार बोक्ने मानिसहरूचाहिँ तुरही फुक्ने पूजाहारीहरूका अगाड़ि हिंड़े, र पछाड़िकाहरूचाहिँ सन्दूकको पछि हिंड़े, अनि पूजाहारीहरू तुरही फुक्दै हिंड़े। १० तर यहोशूले मानिसहरूलाई यसो भनेर अह्राए, "जुन दिनसम्म म तिमीहरूलाई कराउने आज्ञा दिन्नँ, तिमीहरू नकराउनू, तिमीहरूको सोरै पनि नसुनिओस्, तिमीहरूका मुखबाट पनि केही वचन ननिकाल्नू। मैले कराउनू भनेपछि मात्र कराउनू।" ११ यसरी तिनले परमप्रभुको सन्दूकलाई सहरको वरिपरि एक चोटि घुमाए, र तिनीहरू छाउनीमा आए, र त्यहीं वास बसे। १२ यहोशू बिहान सबेरै उठे, र पूजाहारीहरूले परमप्रभुको सन्दूक उठाए। १३ ती सात जना पूजाहारीहरूले भेड़ाका सीङका सात वटा तुरही बोकेर परमप्रभुका सन्दूकको अगिअगि तुरही बजाउँदै हिंड़्दैरहे। हतियार भिर्ने मानिसहरू तिनीहरूका अगि लागे, र पछाड़ि हिंड़्नेहरू परमप्रभुका सन्दूकको पछि लागे। पूजाहारीहरूचाहिँ तुरही फुक्दै

हिँड़े। १४ यसरी दोस्रो दिन पनि तिनीहरू सहर एक चोटि घुमेर छाउनीमा फर्के। छ दिनसम्म तिनीहरूले यसै गरे। १५ सातौं दिन बिहान झिसमिसेमै तिनीहरू उठे, र त्यही रीतिले सहर घुमे, केवल त्यस दिन तिनीहरूले सात चोटि सहर घुमे। १६ सातौं चोटि जब पूजाहारीहरूले तुरही फुके, तब यहोशूले मानिसहरूलाई भने, “कराओ, किनभने परमप्रभुले तिमीहरूलाई यो सहर दिनुभएको छ। १७ यो सहर र यसमा भएका सबै थोक नाशको निम्ति परमप्रभुमा अर्पण गरिएको छ। राहाब वेश्या र त्यसका घरमा त्यससँग भएका मात्र बाँच्नेछन्, किनभने हामीले पठाएका जासूसहरूलाई त्यसले लुकाएकी थिई। १८ तर नाशको निम्ति अर्पण गरिएका कुराहरूबाट तिमीहरू अलग रहनू, नत्रता त्यही अर्पित कुराहरूबाट लिएर तिमीहरूले आफैमाथि नाश ल्याउनेछौ, र इस्राएलीहरूको छाउनीलाई श्रापित तुल्याउनेछौ र यसलाई सङ्कष्टमा पार्नेछौ। १९ तर सबै सुन, चाँदी र काँसाका र फलामे भाँड़ाहरू परमप्रभुको निम्ति पवित्र छन्। तिनीहरूलाई परमप्रभुको भण्डारमा जानुपर्नेछ।” २० जब पूजाहारीहरूले तुरही फुके, तब मानिसहरू कराए, र तुरहीको आवाज सुनिने बित्तिकै जब तिनीहरू ठूलो सोरले कराए, त्यो पर्खाल फेदैसम्म घर्लम्म ढल्यो, अनि हरेक मानिस आफ्नो सीधै अगि बढ़्यो। तिनीहरू सबै सहरमा पसे, र त्यो कब्जा गरे। २१ अनि तिनीहरूले त्यो सहर परमप्रभुमा अर्पण गरे, र सहरभित्र रहेका पुरुष, स्त्री, जवान, बूढ़ा, र गोरु, भेड़ा र गधा सबैलाई तरवारले नाश गरे।" यहोशू ६:१-२१।

वास्तविक कुरो त ठूलो स्वरले चिच्याउँदा त्यसको थर्कले पर्खालहरू भत्किने होइन। जब प्रभुले इस्राएलीहरूलाई चिच्याउ भन्नुभयो तब त्यही खालको चिच्याहत दाउदले भजन लेखेका थिए, "हे सारा पृथ्वी, आनन्दसाथ परमेश्वरको जयजय गर। उहाँका नाउँको महिमाको स्तुति गाओ, उहाँको प्रशंसालाई महिमित तुल्याओ।" भजनसंग्रह ६६:१-२। यो त स्तुति प्रशंसाको चिच्याहत थियो। छ दिनसम्म भयानक पर्खालहरू देखेपछि ती पर्खालहरूलाई भत्काएर यरियो सहर लिन सक्छ भन्ने आँट तिनीहरूमा भएको थिएन।

यस धारणालाई बुझ्न हिब्रू ११:३०ले हामीलाई कसरी सघाउँछ? हेर्नुहोस, "सात दिनसम्म परिक्रमा गरेपछि विश्वासैबाट यरीहोका पर्खालहरू ढले।"

तपाईंको जीवन कुनै नयाँ काम गर्न प्रभुले थाल्न चाहनुहुन्छ भने उहाँले तपाईंलाई यरियोमा ल्याउन सक्नुहुन्छ। हामीहरूकै शक्ति र रणनीतिले हामीमा

जित्ने शक्ति हुँदैन भनेर उहाँले हामीलाई सिकाउन आवश्यक हुनसक्छ। हामी जे गर्छौं प्रत्येक थोक हामीभन्दा बाहिरबाटआउनुपर्छ। हाम्रो अगाडि जे भएतापनि र जतिसुकै असम्भव देखिएतापनि हाम्रो काम भनेको प्रभुको प्रशंसा गर्नु हो। उहाँ नै हामीलाई चाहिने प्रत्येक थोकको स्रोत हुनुहुनुहुन्छ। यसैलाई विश्वास, निष्ठा र आस्थालाई प्रयोग गरेर देखाउनु भनेको हो।

## ३. प्रशंसाको जीवन

असल परिस्थितिहरूमा पनि प्रभुको स्तुति र प्रशंसा गर्नु हामीलाई स्वाभाविक हुनुपर्छ भन्ने छैन। तब झन खराब र कठिन परिस्थितिमा कतिको गार्हो होला? तर प्रतिकूल वा खराब समयमा पनि उहाँको स्तुति गर्नु भनेर हामीलाई आह्वान गरिएको छ। कुनै निश्चित समय, वातावरण, स्थान र मानिसहरूको बीचमा स्तुति गर्ने बानीलाई परिवर्तन गरि जहाँ पनि जुनसुकै परिवेशमा जो भएतापनि नभएतापनि प्रभुको प्रशंसा गर्ने बानी बसाल्नुपर्दछ। प्रशंसा र स्तुति कुनै विशेष कामले गर्दा वा कामको निम्ति नभएर हाम्रो जीवनशैलीको एक भाग हुनुपर्दछ।

**भजन १४५मा दाउदले प्रभुको प्रशंसा र स्तुति दिनुपर्ने कारणहरू किन छन् भनेर प्रस्तुत गर्दछन्। त्यस भजनमा लेखिएका शब्दहरू हाम्रै लागि हो भनेर कसरी प्रतिवद्धता जनाउने? हेर्नुहोस् " १ हे परमेश्वर मेरा राजा, म तपाईंको नाउँ उच्च पार्दछु, म तपाईंका नाउँको सदासर्वदा प्रशंसा गर्नेछु। २ प्रतिदिन म तपाईंको प्रशंसा गर्नेछु, र सदासर्वदा म तपाईंका नाउँको स्तुति गर्नेछु, ३ परमप्रभु महान् हुनुहुन्छ र प्रशंसाको अति योग्य, र उहाँको महानता अगम छ। ४ एक पुस्ताले अर्को पुस्तालाई तपाईंका कार्यको प्रशंसा गर्नेछ, तिनीहरूले तपाईंका शक्तिशाली कार्यहरूको घोषणा गर्नेछन्। ५ तिनीहरूले तपाईंको ऐश्वर्य र तेजस्वी वैभवको वर्णन गर्नेछन्, र म तपाईंका आश्चर्यपूर्ण कार्यहरूमाथि चिन्तन गर्नेछु। ६ मानिसहरूले तपाईंको महान् कामहरूका शक्तिको विषयमा चर्चा गर्नेछन्, र म तपाईंका महान् कार्यहरूको घोषणा गर्नेछु। ७ तिनीहरूले तपाईंको प्रचुर भलाइमा आनन्द मनाउनेछन्, र तपाईंका धार्मिकताको जयजयकार गर्नेछन्। ८ परमप्रभु अनुग्रही र टिठालु हुनुहुन्छ, क्रोध गर्नमा ढिलो र अति करुणामय हुनुहुन्छ। ९ परमप्रभु सबैमाथि भलो हुनुहुन्छ। र आफ्नो समस्त सृष्टिमाथि दया राख्नुहुन्छ। १० तपाईंले सृष्टि गर्नुभएका सबै थोकले, हे परमप्रभु, तपाईंको प्रशंसा गर्नेछन्, र तपाईंका पवित्रजनहरूले तपाईंको स्तुति**

**गर्नेछन्। ११ तिनीहरूले तपाईंको राज्यका महिमाको चर्चा गर्नेछन् र तपाईंका शक्तिको बखान गर्नेछन्, १२ कि सबै मानिसहरूले तपाईंका शक्तिशाली कार्यहरू थाहा पाऊन्, अनि तपाईंका राज्यको महिमापूर्ण वैभव देखून्। १३ तपाईंको राज्य अनन्तको राज्य हो, र तपाईंका प्रभुत्व पुस्तौं-पुस्तौंसम्म रहिरहनेछ। परमप्रभु आफ्ना सबै प्रतिज्ञाहरूमा विश्‍वसनीय हुनुहुन्छ, र आफूले रचेका सबै थोकप्रति कृपामय हुनुहुन्छ। १४ लड़ेकाहरू सबैलाई परमप्रभुले सहारा दिनुहुन्छ, दबिएकाहरू सबैलाई उठाउनुहुन्छ। १५ सबै प्राणीहरूका आँखाले तपाईंतिर हेर्दछन्, अनि तपाईंले तिनीहरूको भोजन ठीक समयमा दिनुहुन्छ। १६ तपाईंले आफ्नो मुट्ठी खोल्नुहुन्छ, र सबै प्राणीहरूका मनोरथ सन्तुष्ट पार्नुहुन्छ। १७ परमप्रभु आफ्ना सबै मार्गमा धर्मी हुनुहुन्छ, र आफूले रचेका सबै थोकप्रति कृपालु हुनुहुन्छ। १८ परमप्रभुलाई पुकार गर्नेहरू सबैका नजिक उहाँ हुनुहुन्छ, सबैका नजिक ज-जसले उहाँलाई सत्यतामा पुकार्दछन्। १९ उहाँको भय मान्नेहरू सबैका मनोरथ उहाँले पूरा गर्नुहुन्छ, उहाँले तिनीहरूको पुकार सुन्नुहुन्छ, र तिनीहरूलाई बचाउनुहुन्छ। २० उहाँलाई प्रेम गर्ने सबैलाई परमप्रभुले रक्षा गर्नुहुन्छ, तर सबै दुष्टहरूलाई उहाँले नाश गर्नुहुनेछ। २१ मेरो मुखले परमप्रभुको प्रशंसामा बोल्नेछ। प्रत्येक प्राणीले सदासर्वदा उहाँको पवित्र नाउँको प्रशंसा गरून्।"**

बिलायतको विश्वविख्यात प्रचारक चार्लस हाडन स्पर्जनले स्तुति र प्रशंसामा आधारित *प्राक्टिस अभ प्रेज* भन्ने पुस्तक लेखेका थिए। भवन २४५को पद ७मा आधार बनाएर त्यो पुस्तक उनले लेखेका थिए र यस छोटो पदबाट तीन महत्त्वपूर्ण बस्तुहरू हाम्रो जीवनमा स्तुति र प्रशंसा कसरी निर्माण गर्ने भनेर उनले तीनवटा विषयबस्तु औंल्याएका छन्।

१. **जब हामी वरिपरि हेर्दछौं तब स्तुतिप्रशंसालाई व्यवहारमा उतार्दछौं। यदि प्रभुको** महानता, महिमा, गौरब, प्रेम र करुणालाई हाम्रा वरिपरि देख्न सकेनौं भने उहाँको स्तुति प्रशंसा गर्ने कुनै कारण हामी देख्नेछैनौं। प्रभुले सृष्टि गर्नुभएको प्राकृतिक सम्पदामा के सौन्दर्यता छ जुन उहाँको प्रशंसा गर्न हामीलाई उचाल्दछ? आत्मिक संसारमा तपाईंले के देख्नुहुन्छ जुन प्रशंसायोग्य छ, जस्तै युवायुवतीहरू जीवन परिवर्तन गरि विश्वासमा अघि बढिरहेका छन्?

२. हामीले जे देखिरहेकाछौं त्यो देखेर सम्झियौं भने प्रशंसा र स्तुति गर्न उक्साउँछ। यदि हामी प्रशंसाको वातावरणमा रहन चाहन्छौं भने प्रशंसा

गर्नुपर्ने कारणहरू सोच्नै पर्दछ। प्रभुको बारेमा के महान् थोकहरू हामी सम्झिन सक्छौं जसले गर्दा उहाँको भलाइ र सत्यतालाई हाम्रा दिमागहरूबाट चिप्लन दिन्नौं? होला कुनै नयाँ रीति वा प्रतिकहरूलाई निर्माण गरेर उहाँलाई याद गरिरहने बानी बसाल्न सहयोग गर्दछ।

३. जब हामी प्रशंसा र स्तुतिको बारेमा चर्चा गर्छौं तब प्रशंसा र स्तुतिलाई व्यवहारमा उतारिरहेका हुन्छौं। हामीहरूको दिमाग खेलाएर, दिमागमा अनेकौं विद्या र दर्शनहरू घुसाएर प्रशंसा गर्ने बान्कि बनाउने होइन। तर हाम्रो हृदयबाट र मुखबाट स्फूर्त भएर प्रशंसा र स्तुति निकाल्नुपर्दछ। हाम्रा वरिपरिरहेकाले त्यो सुन्नै पर्दछ। मुखबाट नै प्रभुको प्रशंसा गर्नुपर्ने कारणहरू के के छन्? यस खालको स्तुति प्रशंसाले तपाईंलाईमात्र होइन अरूहरूलाई पनि कस्तो असर पार्न सक्दछ?

**माथिका तिन बुँदाहरूलाई ध्यान दिएर चिन्तनन गर्नुहोस्। तपाईंको जीवनमा स्तुतिप्रशंसाको बानिबसाल्न के गर्नुपर्दछ?**

## ४ मनै छुने गरेर प्रभुको निम्ति गवाही बन्नु

स्तुति प्रशंसा सुन्नेहरूमा चकित पार्ने प्रभावहरू भएको विवरण प्रेरितको पुस्तकमा दिएको। हेर्नुहोस् उदाहरणमा, " १६ जब हामी प्रार्थना गर्ने ठाउँमा गइरहेका थियौं, तब जोखना हेर्ने आत्मा भएकी एउटी कमारी केटीसँग हाम्रो भेट भयो, जसले जोखना हेरेर त्यसका मालिकहरूका निम्ति धेरै कमाइ गरिदिन्थी। १७ त्यो पावल र हाम्रा पछिपछि लागी, र यसो भन्दै चिच्च्याई, “यी मानिसहरू सर्वोच्च परमेश्‍वरका सेवकहरू हुन्। यिनीहरूले तिमीहरूलाई मुक्तिका बाटोको घोषणा गर्छन्।” १८ त्यसले धेरै दिनसम्म यसो गरिरही। तब पावलले झिजो मानेर फनक्क फर्की त्यस दुष्टात्मालाई भने, “येशू ख्रीष्टको नाउँमा म तँलाई त्यसबाट निस्कने आज्ञा गर्दछु।” अनि त्यो दुष्टात्मा त्यही घड़ी निस्किहाल्यो।

१९ तर त्यसका मालिकहरूले तिनीहरूका कमाइका आशा विफल भएको देखेर पावल र सिलासलाई समातेर बजारको चोकमा शासकहरूकहाँ तान्दै लगे। २० अनि तिनीहरूलाई सहरका हाकिमहरूकहाँ ल्याएर भने, “यी मानिसहरू यहूदी हुन्, यिनीहरूले हाम्रो सहरमा गोलमाल मच्चाउँछन्। २१ यिनीहरूले यस्ता-यस्ता प्रथाहरू सिकाउँछन् जो हामी रोमीहरूलाई ग्रहण गर्न

वा पालन गर्न न्यायसङ्गत छैन।” २२ तब भीड़हरू मिलेर तिनीहरूमाथि
जाइलागे। सहरका हाकिमहरूले तिनीहरूका वस्त्र च्यातेर फालिदिए, र
तिनीहरूलाई छड़ी लगाउने आज्ञा दिए। २३ उनीहरूले तिनीहरूलाई निकै
छड़ी लगाएपछि तिनीहरूलाई झ्यालखानमा हालिदिए, र झ्यालखानका
हाकिमलाई यी कैदीहरूलाई कड़ा निगरानीमा राख्ने हुकुम दिए। २४ यस्तो
हुकुम पाएर उनले तिनीहरूलाई झ्यालखानको भित्री भागमा लगी तिनीहरूका
खुट्टामा ठिँगुरो ठोकेर राखिदिए। २५ तर आधा राततिर पावल र सिलास
प्रार्थना गर्दै परमेश्वरका भजन गाइरहेका थिए, र अरू कैदीहरूले सो सुनिरहेका
थिए। २६ तब एक्कासि एउटा ठूलो भैँचालो गयो, र झ्यालखानका जगहरू
हल्लिए, र तुरुन्तै जम्मै ढोकाहरू उघ्रिए, र सबैका बन्धनहरू खुले। २७
झ्यालखानका हाकिम निद्राबाट ब्यूँझे, र झ्यालखानका ढोकाहरू उघ्रेका देखेर
कैदीहरू सबै भागिसके भन्ठानेर उनले अपहत्या गर्ने विचारले आफ्नो तरवार
थुते। २८ तर पावलले चर्को सोरले यसो भन्दै कराए, “तपाईंले आफूलाई केही
नोक्सानी नगर्नुहोस्, किनकि हामी सबै यहीँ छौं।” २९ तब बत्ती मागेर उनी
हामफाल्दै भित्र आए, र डरले काम्दै पावल र सिलासका अगाडि घोप्टो परे।
३० तिनीहरूलाई बाहिर ल्याएर उनले भने, “उद्धार पाउनलाई मैले के
गर्नुपर्छ?” ३१ अनि तिनीहरूले भने, “प्रभु येशू ख्रीष्टमा विश्वास गर्नुहोस्, र
तपाईंले उद्धार पाउनुहुनेछ– तपाईं र तपाईंका परिवारले।” ३२ तिनीहरूले
उनलाई र उनको घरमा भएका जति सबैलाई प्रभुको वचन सुनाए। ३३ तब
रातको त्यही घड़ी उनले तिनीहरूलाई लगेर घाउ धोइदिए। अनि उनी र
उनका परिवारले तुरुन्तै बप्तिस्मा लिए। ३४ त्यसपछि तिनीहरूलाई घरमा
ल्याएर तिनीहरूका सामने भोजन राखिदिए, र परमेश्वरमा विश्वास गरे भन्ने
कुरामा उनका सारा परिवारसँग उनी आनन्दित भए।" प्रेरित १६:१६-३४।

रोमको उपनिबेश ग्रीकको फिलिप्पी सहरमा प्रभुको बारेमा प्रचार गर्न पावल र साइलस पुगेका थिए। दुष्ट आत्माले एक जना केटीलाई आफ्नो कब्जामा राखेको थियो। त्यस केटीले मानिसहरूको जोखना हेरेर उनको मालिकलाई धेरै धन आर्जन गराउँथी। जब पावलले उनबाट दुष्टआत्मा निकालियो तब उनकी मालिक र सहरको भिँडले उत्तेजित भएर विदेशी धर्म ल्याउने भनेर पावल र सिलासमाथि निर्मम आक्रमण गरेका थिए। कुनै खोजनिति नै नगरि पावल र सिलासलाई फिलिप्पी सहरको नगर प्रमुखले तिनीहरूलाई पिट्दै नाङ्गो बनाउँदै झ्यालखानमा ठिँगुरोमा राखेर थुनिदिए।

तिनीहरूको पीडादायी घाऊहरूमा मलमपट्टी लगाउने कोही पनि थिएन। अत्यन्तै शारीरिक कष्ट र यातना दिएर तिनीहरूलाई झ्यालखानाको कालकोठरीमा सिक्रीले बाँधेर थुनी दिएका थिए। तर जब अरू कैदीहरू सुन्दै थिए पावल र साइलस प्रार्थना र स्तुति गर्न थाले।

तिनीहरूको त्यो स्तुति र प्रार्थनाले झ्यालखाननै हल्लिएको थियो। भुकम्पमा सबै भागे भनेर त्राही त्राही भएर झ्यालखानाको हाकिमले आत्महत्या गर्न खोजेको थियो। पावल र साइलसमा सताउन र पिट्न त्यस हाकिमको पनि प्रमुख हात थियो। पावलले आफूलाई नमार्नु किनुभने कुनै पनि भागेको छैन भनेर चिच्याएपछि त्यस हाकिम बत्ती लिएर पावल र सिलासकहाँ आए। अनि थरथर काम्दै पावल र सिलासको अगाडि घोप्टो पर्दछन्। "तब बत्ती मागेर उनी हामफाल्दै भित्र आए, र डरले काम्दै पावल र सिलासका अगाडि घोप्टो परे। ३० तिनीहरूलाई बाहिर ल्याएर उनले भने, " हजुरहरू, उद्धार पाउनलाई मैले के गर्नुपर्छ?" प्रेरित १६:२९-३०।

**यस घट्नामा झ्यालखानको हाकिमले आफ्नो मुक्तिको आवश्यकता भएको कसरी र किन महसुस गरे? कैदीहरू नभाग्न पावल र सैलासले के भूमिका खेलेका होलान्? यस रोमी हाकिम र उनका सबै परिवारले येशूलाई विश्वास गर्न पावल र साइलसको भूमिका के थियो होला?**

हामीहरूको स्तुति र प्रशंसाले हाम्रा वरिपरिरहेका मानिसहरू जीवनलाई परिवर्तन गरि तिनीहरूलाई अनन्त जीवनमा प्रवेश गराउन सकिन्छ भन्ने धारणा चकित पार्ने भनेर ठान्नुपर्दछ। यदि कालकोठरीमा अरू कैदीहरू जस्तै आफ्नो पीडा रुँदै गुनासो र गनगन गर्दै ऐय्या आथ्था भनेर पावल र साइलस बसेभने त्यस रात कुनैले मुक्तिपाउने अवसर होला त?

त्यसपछि झ्यालखानको हाकिम र परिवारलाई के भयो सो हामीलाई थाहा छैन। तर रोममा बन्दी बनिएर बसेका पावलले फिलिप्पीहरूलाई लेखेको पत्र त्यस झ्यालखानको हाकिमले पछि पढ्दा के भयो होला? " २९ किनभने ख्रीष्टको निम्ति तिमीहरूलाई यो दिइएको छ, कि तिमीहरूले उहाँमाथि विश्वास गर्नु मात्र होइन, तर उहाँको खातिर दुःख पनि भोग्नुपर्छ, ३० र त्यही सङ्घर्ष जो तिमीहरूले ममा देख्यौ र मसँग छ भनी अहिले सुन्दछौ, त्यसैमा तिमीहरू लागेका छौ।" फिलिप्पी १:२९-३०। यदि तिनीहरूले त्यो पढे भने र पावलको कष्टले तिनीहरूलाई ल्याएको आनन्दलाई सम्झे तिनीहरूको हृदयमा

गीत गुञ्जिएको होला, जुनसुकै परिस्थितिमा पनि निष्ठावान हुने तिनीहरू प्रतिवद्ध भएका होलान्।

**तपाईंको हृदयबाट निस्किएको स्तुतिप्रशंसाले कसलाई प्रभावित पारेको होला? प्रभुको प्रशंसा गर्न अझ धेरै प्रयास गर्नुहोस्। किनभने त्यसले अरूलाई कस्तो प्रभाव पार्छ भन्ने कुरामा तपाईंलाई थाहै नहोला।**

## ५. जित्ने अस्त्रहरू

यो पढ्नुहोस् " १५ तिनले भने, "हे यहूदा र यरूशलेमका सबै बासिन्दा र राजा यहोशापात सुन्नुहोस्, परमप्रभु तपाईंहरूलाई यही भन्नुहुन्छः 'नडराओ, यस ठूलो सैन्यदलदेखि नआत्तिओ। किनभने लड़ाइँ परमप्रभुको हातमा छ, तिमीहरूका हातमा होइन। १६ भोलि उनीहरूसँग युद्ध गर्न निस्क। उनीहरू जीजको उकालोबाट भएर आउँछन्। तिमीहरूले उनीहरूलाई यरूएलको उजाड़-स्थानमा भएको खोलाको पल्लो छेउमा भेट्नेछौ। १७ यो लड़ाइँ तिमीहरूले लड्नुपर्नेछैन। ताँतीमा दृढ़ भएर पर्खिबस। परमप्रभुले तिमीहरूका उद्धारको काम गर्नुभएको तिमीहरू देख्नेछौ। नडराओ, न त आत्तिओ। भोलि उनीहरूको सामना गर्न तिमीहरू निस्किआओ। किनभने परमप्रभु तिमीहरूतर्फ हुनुहुनेछ'।"

१८ यहोशापात भूइँमा घोप्टो परे, र यहूदा र यरूशलेमका सबै बासिन्दाहरू परमप्रभुको सामुन्ने दण्डवत् गर्न घोप्टो परे। १९ तब कहात र कोरहका वंशका कोही लेवीहरू खड़ा भए, र चर्को सारेले परमप्रभु इस्राएलका परमेश्वरको प्रशंसा गरे। २० तब तिनीहरू बिहान सबेरै उठेर तकोको उजाड़-स्थानमा गए। तिनीहरू निस्केर जाँदा खड़ा भएर यहोशापातले भने, "हे यहूदा र यरूशलेमका बासिन्दा हो, मेरो कुरा सुन। परमप्रभु तिमीहरूका परमेश्वरको विश्वासमा तिमीहरू स्थीर भइरहो, र उहाँले तिमीहरूलाई थामिराख्नुहुनेछ। उहाँका अगमवक्ताहरूमाथि विश्वास गर, र तिमीहरूको फलिफाप हुनेछ।" २१ मानिसहरूसित सल्लाह गरेपछि तिनले कति जनालाई परमप्रभुको स्तुतिगान र उहाँका पवित्रताको प्रतापको प्रशंसा गर्न सेनाको अगिअगि गएर गाउनलाई नियुक्त गरे। अनि तिनीहरूले यसो भनेर गाए, "परमप्रभुलाई धन्यवाद देओ, किनभने उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ।" २२ तिनीहरूका प्रशंसाको चर्को आवाज सुनिने बित्तिकै परमप्रभुले यहूदासँग युद्ध गर्न आएका अम्मोनी, मोआबी र सेइर पर्वतका मानिसहरूलाई अलमल्याइदिनुभयो, र उनीहरू परास्त भए। २३ अम्मोनी र मोआबीहरू सेइर पर्वतका मानिसहरूका विरुद्धमा

उनीहरूलाई खतम गर्न र नाश गर्न उठे। जब उनीहरूले सेइरका मानिसहरूलाई नाश गरिसके, तब उनीहरूले आपसमा नै एक-अर्कालाई अन्धाधुन्ध आक्रमण गर्न लागे। २४ जब यहूदाका मानिसहरू उजाड़स्थानमा भएको अल्गो ठाउँमा आइपुगे र शत्रुको सैन्य-दललाई हेरे, तब त्यहाँ तिनीहरूले उनीहरूलाई भूइँमा मारिएर पड़िरहेका देखे, अनि उनीहरूमध्ये एउटै पनि उम्केको थिएन। २५ जब यहोशापात र तिनका मानिसहरू लूटका माल जम्मा गर्न आए, तब तिनीहरूले असंख्य सामानहरू, लुगाफाटाहरू र बहुमूल्य थोकहरू लानै नसक्ने गरी लुटेर लगे। तिनीहरूले तीन दिनसम्म लूटका माल जम्मा गरे, किनभने ती त्यति धेरै थिए। २६ चौथो दिन तिनीहरू बराकाहको बेंसीमा भेला भए। तिनीहरूले त्यहाँ परमप्रभुको प्रशंसा गरेका हुनाले आजको दिनसम्मै त्यसको नाउँ त्यही छ। २७ त्यसपछि यहूदा र यरूशलेमका सबै मानिसहरू यहोशापातलाई अगि लाएर विजयको साथ सहरमा फर्के, किनभने परमप्रभुले तिनीहरूका शत्रुमाथि तिनीहरूलाई विजयी तुल्याउनुभएको थियो। २८ तिनीहरू वीणा, सितार र तुरही बजाउँदै यरूशलेममा पसेर परमप्रभुको मन्दिरभित्र गए।

२९ परमप्रभुले नै इस्राएलका शत्रुहरूका विरुद्धमा युद्ध गर्नुभयो भनी सुनेर सबै देशका राज्यहरूमा परमेश्वरको भय फैलियो। ३० यहोशापातको राज्यमा शान्ति भयो, किनभने परमेश्वरले तिनलाई चारैतिर विश्राम दिनुभयो। ३१ यसरी यहोशापातले यहूदामाथि राज्य गरे। राजगद्दी आरोहण गर्दा तिनी पैंतीस वर्षका थिए, र तिनले यरूशलेममा पच्चीस वर्ष राज्य गरे। तिनकी आमाको नाउँ अजूबा थियो, र तिनी शिल्हीकी छोरी थिइन्। ३२ तिनी आफ्ना पिता आसाका चालमा हिँड़े, र तीबाट तर्केनन्। परमप्रभुको दृष्टिमा जे कुरा असल थियो त्यही तिनले गरे। ३३ तर डाँड़ाहरूका पूजा गर्ने थानहरू तिनले हटाएनन्, र मानिसहरूले आफ्ना पुर्खाहरूका परमेश्वरमाथि आफ्नो मन लाएनन्।" २ इतिहास २०:१५-३३।

स्तुति प्रशंसा र प्रभुको बारेमा जय गाउनु शत्रुसँग लड्न शक्तिशाली अस्त्र रहेछ भनेर यहोशापातले पत्ता लगाएका थिए। उनीसँग युद्ध गर्न उनको शत्रुले सैनिकका विशाल दलहरू आइरहेको छ भनेर उनले थाहा पाए। तर उनले तुरन्तै आफ्ना सारा सैनिकहरूलाई जम्मा गरेर शत्रुसँग कसरी संग्राम गर्ने भनेर रणनीति बनाएनन्। शत्रु आउँदैछन् के गर्ने भनेर विचलित नभएर उनले प्रभुसँग सोध्ने निर्णय गरेका थिए। यहूदाका मानिसहरू यरुशलेममा उपवास बस्न आएका थिए तब तिनीहरूलाई परिस्थितिको वास्तविकतालाई

असहाय भएर सुनाएका थिए, "हाम्रो देशलाई आक्रमण गर्न आइरहेको यो ठूलो सैन्य-दलको सामना गर्न हाम्रो केही शक्ति छैन। हामीले जे गर्नुपर्ने हो सो हामी जान्दैनौं, तर हामी आफ्ना आँखा तपाईंतिर उठाउँछौं।" २ इतिहास २०:१२।

**जब तपाईंलाई आक्रमण गर्न कोही ठूलो सैनिक वा गुण्डाहरू आउँछन् भने मानवीय प्रवृत्ति अनुसार तपाईंको प्रतिक्रियो के हुन्छ? यहोशापातले के गर्ने निर्णय गरे, हेर्नुहोस् फेरि, २ इतिहास ३०:३-१२। यस्तो आततायी र मानिसको दिमागलै भ्याउन नसक्ने डरलाग्दो परिस्थितिलाई कसरी सम्हाल्ने भनेर त्यसबाट तपाईं सिक्न सक्नुहुन्छ?**

प्रभुको आत्मा यहासेलमाथि आउँदा उनी निडर भएर यो घोषणा गरे, "यो लड़ाइँ तिमीहरूले लड्नुपर्नेछैन। ताँतीमा दृढ़ भएर पर्खिबस। परमप्रभुले तिमीहरूका उद्धारको काम गर्नुभएको तिमीहरू देख्नेछौ। नडराओ, न त आत्तिओ। भोलि उनीहरूको सामना गर्न तिमीहरू निस्किआओ। किनभने परमप्रभु तिमीहरूतर्फ हुनुहुनेछ'।" २ इतिहास २०:१७। त्यसपछि तिनीहरू प्रभुको आराधना गरे तिनीहरूले चर्को सारेले परमप्रभु इस्राएलका परमेश्वरको प्रशंसा गरे। २ इतिहास २०:१९। तिनीहरूको निम्ति प्रभुले युद्ध गर्ने भएतापनि तिनीहरूले भगवान भरोसा भनेर हात बाँधेर बसेन। तिनीहरू गएर शत्रुसँग भिड्नु नै परेको थियो।

यो युद्ध त असाधारण नै मान्नु पर्दछ। यहोशापातले क्वायर वा सङ्गीत टोली खडा गरे। जब तिनीहरू शत्रसँग भिड्न लम्के तब तिनीहरू हताश निराश भएर होइन प्रभुको स्तुति गुञ्जाउँदै अघि बढे। " २२ तिनीहरूका प्रशंसाको चर्को आवाज सुनिने बित्तिकै परमप्रभुले यहूदासँग युद्ध गर्न आएका अम्मोनी, मोआबी र सेइर पर्वतका मानिसहरूलाई अलमल्याइदिनुभयो, र उनीहरू परास्त भए। २३ अम्मोनी र मोआबीहरू सेइर पर्वतका मानिसहरूका विरुद्धमा उनीहरूलाई खतम गर्न र नाश गर्न उठे। जब उनीहरूले सेइरका मानिसहरूलाई नाश गरिसके, तब उनीहरूले आपसमा नै एक-अर्कालाई अन्धाधुन्ध आक्रमण गर्न लागे। २४ जब यहूदाका मानिसहरू उजाड़स्थानमा भएको अल्गो ठाउँमा आइपुगे र शत्रुको सैन्य-दललाई हेरे, तब त्यहाँ तिनीहरूले उनीहरूलाई भूइँमा मारिएर पड़िरहेका देखे, अनि उनीहरूमध्ये एउटै पनि उम्केको थिएन। २५ जब यहोशापात र तिनका मानिसहरू लूटका माल जम्मा गर्न आए, तब तिनीहरूले असंख्य सामानहरू, लुगाफाटाहरू र बहुमूल्य

थोकहरू लानै नसक्ने गरी लुटेर लगे। तिनीहरूले तीन दिनसम्म लूटका माल जम्मा गरे, किनभने ती त्यति धेरै थिए। २६ चौथो दिन तिनीहरू बराकाहको बेंसीमा भेला भए। तिनीहरूले त्यहाँ परमप्रभुको प्रशंसा गरेका हुनाले आजको दिनसम्मै त्यसको नाउँ त्यही छ। २७ त्यसपछि यहूदा र यरूशलेमका सबै मानिसहरू यहोशापातलाई अगि लाएर विजयको साथ सहरमा फर्के, किनभने परमप्रभुले तिनीहरूका शत्रुमाथि तिनीहरूलाई विजयी तुल्याउनुभएको थियो। २८ तिनीहरू वीणा, सितार र तुरही बजाउँदै यरूशलेममा पसेर परमप्रभुको मन्दिरभित्र गए।" २ इतिहास २०:२२-२८।

तिनीहरूले प्रभुको प्रतिज्ञामा विश्वास गरेर जब अघि बढे तब उहाँले त्यही क्षणमा तिनीहरूको निम्ति हस्तक्षेप गर्नुभएको थियो। परमप्रभुको स्तुतिगान र उहाँका पवित्रताको प्रतापको प्रशंसा गर्न थालेपछि तिनीहरूसँग प्रभु सरिक हुनुभएको थियो।

**२ इतिहास २०:१-३० फेरि पढ्नुहोस्। प्रभुसँग हिंड्ने क्रममा त्यस कथामा तपाईंले समयसापेक्षित के आत्मिक नीतिहरू पाउन सक्नुहुन्छ? विशेष गरेर भीषण परिस्थितिमा के गर्नु पर्छ भनेर त्यस कथाले तपाईंलाई बताउछ?**

## उपसंहारः

**थप जानकारीः दिदीमा एलेन, *पाट्रियार्क एण्ड प्रोफेटस* पृ. १९०-२०३ को "यहोशापात" र त्यही पुस्तकको पृ. ४८७-४९८को "द फल अभ जेरिको" पढ्नुहोस्।**

"त्यसकारण प्रभुको अतुलनीय प्रेमको बारेमा स्तुति र प्रशंसा हृदय र ओठहरूबाट उच्चारण गर्न हामीले हामीलाई नै शिक्षित बनाऔं। क्रूसबाट आउने चम्किलो ज्योतिभित्र गुटमुटिएर बस्न र आशामा बाँचिरहन हाम्रा आत्माहरूलाई शिक्षित बनाऔं। हामी स्वर्गका महाराजाका छोराछोरीहरू हौं भनेर हामीले कहिल्यै पनि नभुलौं। हामी सारा जगतको मालिकका छोराछोरीहरू हौं। शान्तभएर हाम्रा सबै जीवन उहाँमा थन्काउनु हाम्रो विशेष अवसर हो।" मिनिस्त्री अभ हिलिङ्ग, पृ. २५३बाट रूपान्तरित।

"जब म उहाँको आराधना, उपासना र अतिप्रशंसा गरेर उहाँको गरिमामय अस्तित्वलाई बढाउँछु तब तपाईंहरू पनि मसँग त्यही गर्न आग्रह गर्दछु। तपाईंहरू अन्धकारमा पर्नुभएतापनि प्रभुको प्रशंसा गर्नुहोस्। तपाईंहरू सैतानका प्रलोभनहरू, परीक्षा र पासोमा परेतापनि उहाँको स्तुति

गर्नुहोस्। पावलले भन्दछन्, "प्रभुमा सधैं आनन्द गर, फेरि पनि आनन्द गर।" जब तपाईं प्रभुमा आनन्द गर्नुहुन्छ के तपाईंमा र तपाईंको परिवारमा अन्धकार, विरक्तता र खिन्नता आउन सक्छ र? अहँ, बरु यसले घामको किरण तपाईंको मुहार र जीवनमा चम्किनेछ। महिमित सिंहासनबाट तपाईंले अनन्त ज्योतिका किरणहरू जम्मा गर्नुहुनेछ र तपाईंका वरिपरिरहेकाहरूमा तपाईंले छर्नुहुनेछ। यस गरिमामय काममा लाग्न म तपाईंहरूलाई हार्दिक आग्रह गर्दछु। तपाईंमा भएको किरण तपाईंको बाटोमा र जीवनमा मात्र होइन वरिपरि तपाईसँग परिचित हुनेहरूको माझमा पनि फैलाउनुहोस्। तपाईंको जीवनको लक्ष्य यो हुन दिनुहोस्ः तपाईंको वरिपरि रहेका मानिसहरू र तपाईंको सम्पर्कमा आएका मानिसहरूको जीवनलाई अझ राम्रो बनाउने, तिनीहरूलाई उचाल्ने, तिनीहरूको उन्नति गर्ने, स्वर्गको महिमातिर औंल्याउँने, संसारको धनसम्पत्ति भन्दा अनन्तको दौलतको पछि लगाउन, अमर सम्पत्तितिर आँखा लगाउन दिने कार्यमा तल्लिन हुने प्रतिवद्धता। प्रभुका दौलतहरू कहिल्यै नास नहुनेभएकोले त्यतातिर तपाईंको मात्र होइन तपाईको सम्पर्कमा आएको प्रत्येक मानिसलाई डोर्याउनुहोस्।" *टेस्टिमोनिज फर द चर्च,* ठेली २, पृ. ५९३, ५९४बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. **इसाईहरूको जीवनमा स्तुति र प्रशंसाको जीवन बिताउन तपाईं रहनुभएको समूदाय वा समाजको भूमिका के हुन सक्छ? तपाईंको साबथको कार्यक्रमहरूमा स्तुति कसरी गरिएको छ? यसले गर्दा के विश्वासीहरूको दुःख, कष्ट र आघातमा सहयोग हुनसक्छ र? यदि भएन भने के गरिनुपर्दछ?**

आ. **तपाईं अन्धकारमा पर्नुभएतापनि वा परीक्षामा परिरहनुभएतापनि प्रभुको प्रशंसा गर्नु रे! त्यसको अर्थ के हो? तपाईंको स्तुति र प्रशंसाले त्यसबाट राहत दिन सक्दछ?**

इ. **विश्वासीहरूको जीवनमा प्रशंसा र स्तुतिले कसरी प्रभाव पारे भन्ने गवाहीहरू बाँड्न दिनुहोस् ।**

ई. **कुनै भजन छान्नुहोस् त्यसलाई ध्यान दिन केही समय बिताउनु होस्। यसले स्तुतिको बारेका के भन्छ? तपाईंकै विश्वास र आस्थामा स्तुति, प्रशंसा र भजनले कसरी प्रभाव पारेको छ?**

## कथा ९
## आलोचकबाट चेला, ब्राजिल
## ब्रेनो



ब्रेनो ब्राजिलको सालभादोर भन्ने गाउँमा हुर्केको थियो। उनको परिवारमा इसाई धर्म र टुनामुना गर्ने स्थानीय धर्मको मिसावट थियो। ब्रेनो सेभेन्थ-डे एडभेन्टिस्ट स्कूल पढ्न भर्ना भयो। स्कूलमा बाइबल क्लास हुन्थ्यो। त्यसबेला एक जना शिक्षकले उसको दिमागमा बाइबल पढ्ने इच्छा जगाइ दियो।

तर जब ब्रेनो युवाअबस्थामा पुग्यो तब ऊ बिद्रोही भएर निस्क्यो। स्कूलको परिसरबाट बाहिर गएर पार्टी र रक्सी खान थाल्यो। स्कूलको नियमप्रति उनलाई रिस उठ्न थालेको थियो। स्कूलले जे कुरामा पनि बन्देज लगाएको जस्तो उसलाई भएको थियो। केटीहरूले इयरिङ्ग लाउन पाउँदैनथ्यो। केटीहरू मिनिस्क्रट लगाउन पाउँदैनथ्यो। तिनीहरूले नङ्गमा पालिस पनि लगाउन पाउँदैनथ्यो। अझ स्कूलको चर्चमा केटाहरू केटीसँग बस्न पनि नपाउने। यो त उनलाई अचाक्ली नै भएको थियो। इसाईहरूले अपनाउने विभिन्न व्यवहारिक नीतिनियमहरूले उनलाई कुनै अर्थ लागेको थिएन। स्कूलका अधिकारीहरूसँग पनि उसको कचकच हुन्थ्यो।

जसोतसो उसले एडभेन्टिस्ट स्कूलमा हाइस्कूलको अध्ययन सिध्यायो। त्यसपछि चर्च पनि जान छोड्यो र बाइबल पनि पढ्न छोड्यो। ऊ चर्चको घोरबिरोधी र आलोचक हुन पुग्यो। उसले फूर्ति लगाएर आफ्ना साथीहरूलाई भन्थ्यो, "म जहाँ पनि जान तयार छु तर चर्चमाचाहिँ होइन।"

उसले नबुझेको बाइबलका अंशहरूलाई लिएर परमेश्वरसँग हाकाहाकी प्रश्न गर्न थालेको थियो। उसले चर्चको बदनाम गर्न थाल्यो र उसको एडभेन्टिस्ट केटी साथी पनि उसँग दिक्क भएर उसलाई छोड्यो।

हाइस्कूल सिध्याएको पाँच वर्षपछि एक दिन उसको हाइस्कूल साथी भिक्टोरले आफ्नो बप्तिस्मामा सरिक हुन निम्तो दियो। आफ्नो साथीले बप्तिस्मा लिएको दिन ब्रेनोको निम्ति कोशेढुङ्गा भएको थियो। बप्तिस्मा पछि भिक्टोरले एडभेन्टिस्ट पास्टरसँग ब्रेनोको चिनापर्ची गरायो। पास्टरले तुरन्तै

ब्रेनो र भिक्टोरको निम्ति प्रार्थना गरे। त्यसपछि ब्रेनोलाई पास्टरले प्यारोसाथ अंकमाल गरे चर्चको आराधना कार्यक्रममा आउन अनुरोध गरे। बप्तिस्मापछि ब्रेनो सोचमग्न भयो। पास्टरको प्रार्थना र न्यानो अभिभादनले उसको हृदय छोएको थियो। ऊ चर्चमा फर्किन चाह्यो।

तब साबथको आराधनामा ब्रेनो चर्चमा फर्क्यो। त्यहाँ उसले पहिलो पल्ट परमेश्वरलाई भेट्टायो। पास्टरका प्रवचनहरूले उसले परमेश्वरको प्रेम भेटेको थियो। उसले ख्रीष्टको बारेमा, उहाँको अनुग्रह र सुसाचारको बारेमा झन झन सिक्न थाल्यो। ब्रेनोको ज्ञानचक्षु उघारिएको थियो, र वर्षौंको नकारत्मक सोचहरू बिलाएर गयो। चर्चका अरू सदस्यहरूले पनि उसलाई न्यानो र प्रेमिलो व्यवहार गरेको उसले महसुस गऱ्यो। उसलाई नचिनेतापनि चर्चका सदस्यहरूले उसलाई न्यानो अभिवादन दिएको थियो। ती सदस्यहरूमा साबथ प्रवचनमा सिकाएको परमेश्वरको प्रेम प्रतिबिम्बित भएको उसले अनुभव गऱ्यो।

चर्चमा फर्केको केही समयमा नै ब्रेनोले पास्टरसँग बाइबल अध्ययन गर्न थाल्यो। अनि कोभिड-१९को महामारीको बीचमा विशेष साबथको दिनमा उसले बप्तिस्मा लियो।

अब उसले बुझ्यो कि उसको साथीको बप्तिस्माको दिनमा उसलाई किन बोलायो। त्यसले गर्दा उसको जीन्दगी सधैँको निम्ति परिवर्तन भयो।

"ख्रीष्टले मेरो जीवन पूरै परिवर्तन गर्नुभयो। छोटो समयमा नै म आलोचकबाट येशूको चेला बन्न पुगें। मेरो आफ्नै कुनै असल कामले होइन तर परमेश्वरको चाहना असल, सिद्ध र रमाइलो छ।" ब्रेनोले आफ्नो हर्ष पोखायो।

*- आन्ड्र्यु मेकचेस्नी*